**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : १०    संख्या : २    प्रमाणिकरण मितिः२०८३/०३/१९    प्रकाशन मितिः२०८३/०३/१९

## भाग – २

### भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि, २०८० (पहिलो संशोधन,२०८३)

**प्रस्तावनाः** भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि,२०८०लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिका बैठकले यो कार्यविधि संशोधन गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (क) यस कार्यविधिको नाम " भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि, २०८० (पहिलो संशोधन,२०८३) " रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**२. कार्यविधिको दफा ४ मा रहेको,**

" प्रत्येक वर्ष गाउँको जुटहेला बाट छनोट भएका भलमन्सा प्रणाली भित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले अनुसूची नं. १ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ । " भन्ने वाक्यांशको पछि देहायको वाक्यांश थप गरिएको,

" **यसरी परिचयपत्र जारी गरिएको बिवरण नगरपालिकामा समेत पठाउनु पर्नेछ ।** "

**३. कार्यविधिको दफा १० को (त) पछि देहायको (थ) थपिएको छ :-**

" (थ) नगरपालिका, न्यायिक समितिमा दर्ता भएको कुनै बिबादका पक्षहरुलाई सुचना दिई उपस्थित गराई दिन वा छलफलमा उपस्थित भै दिन भनि न्यायिक समितिबाट अनुरोध भएमा समितिको काम कारबाहीमा सहयोग गर्ने । "

४. **कार्यविधिको दफा १२ मा रहेको,**

" भलमन्सा प्रणालीले स्थानीय स्तरमा बिकास निर्माण, सानातिना बिबादको समाधान, वडा तथा नगरपालिकाले बिभिन्न कार्यक्रममा भलमन्साको सहयोग लिनुपर्ने र भलमन्साले बिभिन्न सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गरी राख्नु पर्ने, सोको लागी बिभिन्न स्थानमा आवतजावत गर्नुपर्ने भएकाले नगरपालिकाले भलमन्साहरुलाई यातायात, सम्पर्क, समन्वय र सुचना सम्प्रेषण गर्नका **लागी बार्षिक रुपमा नगद वा जिन्सी प्रदान गर्न सक्नेछ ।** " भन्ने वाक्यांशको सट्टा " भलमन्सा प्रणालीले स्थानीय स्तरमा बिकास निर्माण, सानातिना बिबादको समाधान, वडा तथा नगरपालिकाले बिभिन्न कार्यक्रममा भलमन्साको सहयोग लिनुपर्ने र भलमन्साले बिभिन्न सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गर्नुपर्ने, सोको लागी बिभिन्न स्थानमा आवतजावत गर्नुपर्ने भएकाले भलमन्सालाई यातायात, सम्पर्क, समन्वय र सुचना सम्प्रेषण गर्न **प्रति भलमन्सा बार्षिक बढिमा रु.५,०००/-( पाँच हजार ) मात्र नगद वा सो बराबरको जिन्सी दिन सक्नेछ** । " भन्ने वाक्यांश राखिएको छ ।

आज्ञाले,
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत